# जनसंख्या शिक्षामा कार्यशाला र गोष्ठी पाठ्याँशको प्रयोगात्मक कार्य संचालन निर्देशिका

सुदूरपश्चिम विश्वविद्यालय

शिक्षाशास्त्र संकाय

भिमदत्त नगर

कन्चनपूर

# जनसंख्या शिक्षामा कार्यशाला र गोष्ठी

# Workshop and Seminar in Population Education

## विषय प्रवेश

सुदूरपश्चिम विश्व विद्यालय शिक्षाशास्त्र संकायले सेमेष्टर प्रणालीमा आधारित आफ्नो चार वर्षे बी.एड. कार्यक्रम अन्तर्गत जनसंख्या शिक्षा विषयको पाठ्यक्रमको संरचनामा आठौं समेष्टरमा (परिमार्जित संरचना २०७९, सातौं सेमेस्टरमा कोड PoP. ED 472) जनसंख्या शिक्षाको मेजर र माईनर दुवै समूहको लागि "जनसंख्या शिक्षामा कार्यशाला र गोष्ठी" (Workshop and Seminar in Population Education) पाठ्याँश समावेश गरेको छ । जनसंख्या शिक्षामा कार्यशाला गोष्ठी नामक पाठ्याँशको स्वरुप हेर्दा सैद्धान्तिक र प्रयोगात्मक दुवै प्रकृतिको रहेको छ । उक्त पाठ्याँशमा आधा भार (५० पूर्णाङ्को) सैद्धान्तिक खण्ड र आधा भार (५० पूर्णाङ्को) प्रयोगात्मक खण्ड समावेश गरिएको छ । सैद्धान्तिक खण्ड अन्तर्गत जनसंख्या शिक्षासँग सम्बन्धित अनुसन्धानमुलक समसामायिक सरोकारका पाठ्यवस्तु समावेश गरिएको छ भने प्रयोगात्मक खण्ड अन्तर्गत सैद्धान्तिक खण्डमा समावेश गरिएका पाठ्यवस्तुसँग सम्बन्धित हुनेगरी अझै एउटा अनुसन्धानमुलक विषयवस्तु (शीर्षक) छनौट गरी त्यसको बारेमा विस्तृतरुपमा अध्ययन/अनुसन्धान गरी एउटा अनुसन्धान प्रतिवेदन तयार पानुपर्ने हुन्छ । यसरी अध्ययन अनुसन्धान गरी त्यसको आधारमा अनुसन्धान प्रतिवेदनको खाका तयार पारेपछि सामुहिक रुपमा एउटा सेमिनारको आयोजना गर्नुपर्ने हुन्छ । आफूले अनुसन्धान गरी प्राप्त गरेको प्राप्तीलाई पालैपालो उक्त सेमिनारमा प्रस्तुतीकरण गर्नुपर्छ । सेमिनारमा प्रस्तुतीकरण गरेपछि त्यहाँ उपस्थित सहपाठी साथीहरु र विज्ञ व्यक्तिहरुबाट प्राप्त सुझावलाई आत्मसात गरी प्रतिवेदनको अन्तिम खाका तयार पार्नुपर्ने हुन्छ । यसरी अनुसन्धान प्रतिवेदन तयार पारेपछि विश्व विद्यालयले लिने समान्त परीक्षाको समाप्ती पछिको खटिएर आउने बाह्य परीक्षकको उपस्थितिमा मौखिक परीक्षामा सम्मिलित हुनुपर्ने हुन्छ । उक्त पाठ्याँशमा उत्तीर्ण हुनको लागि विश्व विद्यालयले लिने समान्त परीक्षा (सैद्धान्तिक परीक्षा) र बाह्य परीक्षकले लिने मौखिक परीक्षा (प्रयोगात्मक परीक्षा) दुवैमा छुट्टाछुट्टै रुपमा उत्तीर्ण हुनुपर्ने व्यवस्था गरिएको छ ।

**प्रयोगात्मक खण्डको लागि आवश्यक शर्तहरु**

१. सैद्धान्तिक खण्डको पाठ्याँशको तेस्रो अध्यायको शिक्षणको समाप्तीपश्चात प्रयोगात्मक खण्डको कार्यलाई पनि सँगसँगै अगाडी बढाउनुपर्ने हुन्छ ।
२. प्रयोगात्मक कार्यको लागि विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरेर सामूहिक रुपमा अथवा व्यक्तिगत रुपमा अनुमति दिएर गराउन सकिनेछ ।
३. समूहगत रुपमा गराउन पर्दा कक्षाका विद्यार्थीलाई हरेक समूहमा ६ देखि ८ जनासम्म पर्ने गरी विभिन्न समूहमा विभाजन गर्ने र हरेक समूहमा एक/एक जना समूह नेता पनि छनौट गर्नु पर्ने हुन्छ ।
४. समूह विभाजन गर्दा विद्यार्थीहरुसँगको छलफलमा विषय शिक्षकले गर्नुपर्दछ ।
५. हरेक समूहका विद्यार्थीले समूह अनुसार अथवा समुहमा विभाजन गरिएका छैनन भने व्यक्तिगत अनुसार एक/ एक वटा अनुसनधानमुलक शीर्षक छनौट गर्नुपर्ने हुन्छ ।

६. शीर्षक छनौट गर्दा जनसंख्या शिक्षामा कार्यशाला र गोष्ठी पाठ्यांशका सैद्धान्तिक पाठशीर्षकसँग सम्बन्धित हुनेगरी शीर्षक छनौट गर्नुपर्दछ ।

७. शीषृक छनौट विद्यार्थी आफैले गर्नुपर्दछ र छनौट पश्चात उक्त शीर्षक छनौट गरेको कुरा विषय शिक्षकलाई जानकारी गराएर विषय शिक्षकबाट स्वीकृति लिनु जरुरी हुन्छ ।

८. सबै शीर्षक अनुसन्धानमुलक हुदैन । त्यसैले शीर्षक छनौट गर्दा विद्यार्थीहरुले विषय शिक्षकसँग सल्लाह गरेर अनुसन्धानमूलक शीर्षक छनौट गर्नुपर्दछ र विषय शिक्षकले विद्यार्थीहरुलाई अनुसन्धानमुलक शीर्षक छनौटमा सहयोग गर्नुपर्दछ ।

९. जनसंख्या शिक्षामा कार्यशाला र गोष्ठी पाठ्यांशमा व्यवस्था गरिउको प्रयोगात्मक खण्ड अन्तर्गतको कार्य एउटा परीक्षणात्मक प्रकृतिको अनुसन्धान कार्य अर्थात् स्थलगत अनुसन्धानात्मक कार्य भएकोले यसको लागि प्राथमिक श्रोतको तथ्याङ्क संकलन गर्नुपर्दछ । द्वितीय श्रोतमा आधारित तथ्याङ्कको आधारमा तयार पारिएको अनुसन्धान प्रतिवेदन मान्य हुने छैन ।

१०. अध्ययनको लागि ठाउँ छनौट गर्दा अनुसन्धानको लागि छनौट गरिएको समस्याको सहीरुपमा प्रतिनिधित्व गर्ने र समस्यासंग मिल्दोजुल्दो अध्ययन क्षेत्र छनौट गर्नुपर्दछ ।

११. व्यक्तिगत रुपमा एक्लै गरिएको अध्ययनको लागि न्यूनतम ३० जना उत्तरदाता वा घरपरिवार र समूहगतरुपमा गरिएको अध्ययन हो भने न्यूनतम् ५० जना उत्तरदाता वा घर परिवार छनौट गर्नुपर्ने हुन्छ ।

१२. स्थलगत अध्ययनको आधारमा तथ्याङ्क संकलन गरि सकेको आवश्यकतानुसार त्यसलाई सम्पादन गर्ने, मुल्याङ्कन गर्ने, विश्लेषण गर्ने जस्ता कार्य गर्नुका साथै अध्ययनको उद्देश्य अनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी त्यही अनुरुप तालिकाहरु निर्माण गर्ने र तालिका तथ्याङ्कलाई व्यवस्थि तगर्ने र आवश्यकतानुसार चित्र चार्ट आदिको माध्यमद्धारा प्रस्तुतीकरण गर्नुपर्ने हुन्छ ।

१३. अध्ययन तथा विश्लेषणको कार्य पुरा भए पछि एउटा निश्चित ढाँचामा अनुसन्धान प्रतिवेदनको ढाँचा तयार पार्ने ।

१४. सेमिनारको आयोजना गर्ने ।

१५. सेमिनारमा व्यक्तिगत वा समुहगतरुपमा प्रस्तुतीकरण गर्ने ।

१६. सहभागी सहपाठी र विज्ञ व्यक्तिद्धारा दिइएका सुझावहरु ग्रहण गर्ने ।

१७. अनुसन्धान प्रतिवदेनको अन्तिम खाका तयार पार्ने ।

१८. बाह्य परीक्षकको उपस्थितिमा संचालन हुने प्रयोगात्मक मौखिक परीक्षामा सहभागी हुनुपर्ने हुन्छ ।

१९. अनुसन्धान प्रतिवेदनमा विषय शिक्षक (आन्तरिक सुपरीवेक्षक) को सिफारिस पत्र, अध्ययन गर्ने विद्यार्थी अथवा विद्यार्थी समुहको प्रतिज्ञा पत्र र मुल्याङ्कन पृष्ठ अनिवार्यरुपमा समावेश गर्नुपर्ने छ ।

२०. प्रयोगात्मक कार्यको मुल्याङ्कन प्रक्रिया निम्नअनुसार हुनेछ ।

| विवरण | आन्तरिक परीक्षकको मुल्याङ्कन | बाह्य परीक्षकको मुल्याङ्कन | कूल |
|---|---|---|---|
| उपस्थिति र सहभागितता | 5 | - | 5 |
| सामग्रीको संकलन | 5 | 5 | 10 |
| प्रतिवेदनको स्तरीयता | 5 | 10 | 15 |
| सेमिनारमा प्रस्तुतीकरण | 5 | - | 5 |
| मौखिक परीक्षा | 5 | 10 | 5 |
| कुल | 25 | 25 | 50 |

## प्रयोगात्मक कार्यको लागि अवलम्वन गर्नुपर्ने चरणहरु (Necessary Steps forConducting Practicum)

जनसंख्या शिक्षामा कार्यशाला र गोष्ठी पाठ्यांश अन्तर्गत गरिने प्रयोगात्मक कार्य परीक्षणात्मक अध्ययन (empirical study) हो । यो एक प्रकारको अनुसन्धानात्मक कार्य हो । प्रत्यक्ष अनुभवमा आधारित रहेर गर्नुपर्ने हुनाले यसको लागि प्राथमिक श्रोतमा आधारित तथ्याङ्क संकलन गर्नुपर्दछ । कुनै पनि प्रकारको अनुसन्धान कार्यको अनुसन्धान कार्यको लागि लामो प्रक्रिया अवलम्वन गर्नुपर्दछ । यस पाठ्यांसमा व्यवस्था गरिएको प्रयोगात्मक खण्ड अन्तर्गतको परीक्षणात्मक अध्ययन कार्य पुरा गर्न लामो प्रक्रिया अवलम्वन गर्नुपर्ने हुन्छ जसको बारेमा क्रमबद्ध र चरणबद्ध रुपमा तल उल्लेख गरिएको छ ।

### १. समूह विभाजन (Group Division)

सैद्धान्तिक खण्ड अन्तर्गत तेस्रो अध्यायको शिक्षण कार्यको समाप्तीसँग प्रयोगात्म खण्डको थालनी गर्नुपर्दछ । प्रयोगात्मक कार्यको शुरुआतमा कक्षाका सम्पुर्ण विद्यार्थीहरुलाई ६ देखि ८ जना सम्म पर्नेगरी विभिन्न समुहमा विभाजन गर्नुपर्दछ । समुह विभाजन गर्दा एउटा समुहमा छात्रछात्रा दुवै पर्नेगरी विभाजन गर्नुपर्दछ । सकेसम्म हरेक समुहमा कमजोर र तीक्ष्ण सबै प्रकृतिका विद्यार्थीहरु समावेश गर्नु उपयुक्त हुन्छ । हरेक समुहमा १/१ जना समुह नेता छनौट गर्नुपर्दछ । समुह विभाजन विषय शिक्षकले गर्नुपर्दछ । यदि कुनै विद्यार्थीले एकले अध्ययन चाहेमा विषय शिक्षकको अनुमति लिएर अध्ययन गर्न सक्तछ ।

### २. शीर्षक छनौट (Selection of Topic)

समुह विभाजन पश्चात विद्यार्थीहरुलाई समुहगत रुपमा परीक्षणात्मक अध्ययन कार्यको लागि एक/एक छुट्टाछुट्टै अनुसन्धानमुलक शीर्षक छनौट गर्न लगाउनु पर्दछ । शीर्षक छनौट गर्दा जनसंख्या शिक्षामा कार्यशाला र गोष्ठी पाठ्यासको सैद्धान्तिक खण्ड अन्तर्गतका पाठ्यवस्तुसँग सम्बन्धित हुनेगरी छनौट गर्दा जनसंख्या शिक्षामा कार्यशाला र गोष्ठी पाठ्यासको सैद्धान्तिक खण्ड अन्तर्गतका पाठ्यवस्तुसँग सम्बन्धित हुनेगरी छनौट गर्नुपर्दछ । अध्ययनको लागि शीर्षक छनौट गर्दा विद्यार्थीहरुले आफुले छनौट गरेको शीर्षक विषय शिक्षकबाट स्वीकृत गराउनु पर्दछ । शीर्षक अनुसन्धानमुलक हुनुपर्दछ । एक्लै अध्ययन गर्न चाहने विद्यार्थीले पनि आफूले अध्ययन गर्न चाहेको शीर्षक विषय शिक्षकबाट स्वीकृत गराई अध्ययन गर्न चाहेको शीर्षक विषय शिक्षकबाट स्वीकृत गराई अध्ययन गर्नुपर्दछ ।

### ३. प्रस्तवा पत्रको तयारी (Preparation of Proposal)

शीर्षक स्वीकृत भए पश्चात विषय शिक्षकले हरेक समुहका विद्यार्थीहरुलाई समुहगतरुपमा प्रस्ताव पत्र तयार पार्न लगाउनु पर्दछ । प्रस्ताव पत्रको कुनै सर्बसम्मत ढाँचा नहुने भए तापनि एकरुपता कायम गर्नको एउटा निश्चित ढाँचामा प्रस्ताव पत्र तयार गर्न लगाउनु पर्दछ । प्रस्ताव पत्र निम्नलिखित ढाँचामातयार गर्न लगाउनु पर्दछ ।

१) अध्ययनको पृष्टभूमि
२) समस्याको कथन
३) अध्ययनको उद्देश्य
४) अध्ययनको महत्व
५) अध्ययनको संगठन
६) सम्बन्धित साहित्वको पुनरावलोकन
७) अध्ययन विधि

- अध्ययन क्षेत्रको परिचय,
- समग्रता,
- नमुना आकार,
- नमुना छनौट,
- नमुना जनसंख्या र उत्तरदाता,
- तथ्याङ्क श्रोत,
- तथ्याङ्क संकलनको साधन,
- तथ्याङ्क संकलन विधि,
- तथ्याङ्कको विश्लेषण गर्ने तरिका आदि)

८) शन्दर्भग्रन्थ सूची

## ४. प्रस्ताव पत्रको स्वीकृति र प्रश्नावलीको निर्माण **(Acceptance of Proposal and Questionnaire Design)**

हरेक समुहका विद्यार्थीहरुले समुहगतरुपमा छुट्टाछुट्टै रुपमा अनुसन्धान प्रस्ताव स्वीकृत भएपछि हरेक समुहका विद्यार्थीहरुले आफूले अध्ययन गर्न खोजेको शीर्षकमा केन्द्रित रही अध्ययनको उद्देश्यसँग सम्बन्धित हुने गरी प्रश्नावली तयार पार्नुपर्दछ । प्रश्नावली तयार पार्दा अध्ययनको उद्देश्यहरु पुरै समेटने गरी पर्याप्त प्रश्नहरु समावेश गरी प्रश्नावली तयार पार्नुपर्दछ । परीक्षणात्मक अध्ययन मुख्यतया परिमाणात्मक ढाँचामा आधारित भएकाले प्रश्नावली तयार पार्दा धेरै जसो प्रश्नहरु बन्द प्रश्नावलीको ढाँचामा तयार पार्नुपर्दछ । प्रश्नावली तयार पारिसकेपछि विषय शिक्षकसँग जाँच गराएर विषय शिक्षकको स्वीकृति पछि मात्र अन्तिम रुप दिनुपर्दछ । प्रश्नावली निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरुलाई अनुसुची७ मा उल्लेख गरिएको छ ।

## ५. नमुना घरपरिवार र उत्तरदाताको छनौट **(Selection of Sample Houseshold and Respondents)**

अध्ययनको लागि छनौट गरिएको अध्ययन क्षेत्रका सम्पूर्ण घर परिवार र उत्तरदातालाई समावेश गर्ने हो वा ती मध्ये केही घरपरिवार उत्तरदातालाई छनौट गरेर ती छनौट गरिएका घरपरिवार र उत्तरदातामा मात्र तथ्याङ्क संकलन हो सो कुराको निर्णय गर्ने कुरा यस चरणमा गरिन्छ । यदि अध्ययन क्षेत्रका सम्पूर्ण घरपरिवार र उत्तरदातालाई तथ्याङ्क संकलनमा समावेश गर्ने हो भने त्यो अवस्थामा जनगणना विधि प्रयोग गरिएको मानिन्छ र नमुना छनौट गर्नुपर्ने कुरा हुदैन । यदि अध्ययन क्षेत्र ठूलो छ र धेरै घरपरिवार र उत्तरदाताहरु छन् र सबैलाई तथ्याङ्क संकलनमा समावेश गर्न सकिने अवस्था छैन भने समग्रतामा भएका घरपरिवार र उत्तरदाता मध्ये केहीलाई छनौट गर्नुपर्ने हुन्छ । नमुना छनौटका विभिन्न विधि र प्रक्रियाहरु हुन्छन् । ती विभिन्न विधि र प्रक्रिया मध्ये आफुले अध्ययन गर्न खोजेको विषयवस्तुको प्रकृति अनुरुप उपयुक्त हुने विधि छनौट गरी त्यसको आधारमा नमुना घरपरिवार र उत्तरदाता छनौट गर्नुपर्दैछ । नमुना छनौट गर्दा अवलम्बन गरिने विभिन्न विधि र तरिकाहरु अनुसुची ६ मा उल्लेख गरिएको छ ।

## ६. तथ्याङ्क संकलन (Data Collection)

तथ्याङ्क संकलनको लागि तयार पारिएको प्रश्नावली लगेर अध्ययनकर्ता समुहका प्रत्येक विद्यार्थीहरुले समुहगतरुपमा आफुले अध्ययनको लागि छनौट गरेको अध्ययन क्षेत्रमा गएर तथ्याङ्क संकलनको लागि छनौट गरिएका उत्तरदाताहरुको घरघरमा पुगेर प्रत्येक उत्तरदातालाई प्रत्यक्षरुपमा भेटेर प्रश्नावलीमा समावेश गरिएका प्रश्नहरु सोधेर उत्तरदाताबाट तथ्याङ्क संकलन गर्नु पर्दछ । तथ्याङ्क संकलनमा प्रत्येक विद्यार्थीको सहभागिता हुनु अनिवार्य हुन्छ । विद्यार्थीले स्थलगत अध्ययन अन्तर्गत तथ्याङ्क संकलन कार्यको सम्बन्धित विषय शिक्षकबाट अनुगमन गरिनु उपयुक्त हुन्छ । तथ्याङ्क संकलन गर्दा हरेक उत्तरदाताको लागि छुट्टाछुट्टै प्रश्नावली गर्नु पर्दछ । तथ्याङ्क संकलन कार्य प्राविधिक कार्य हो । उत्तरदाताको गोपनियतालाई कायम राख्दै विश्वसनीय र भरपर्दो तथ्याङ्क संकलन गर्नका लागि केही कुराहरुमा ध्यान दिनुपर्दछ । तथ्याङ्क संकलनकर्तालेउत्तरदाताबाट तथ्याङ्क संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरुलाई अनुसुची ८मा उल्लेख गरिएको छ ।

## ७. तथ्याङ्कको प्रशोधन, विश्लेषण र व्याख्या (Editing, Analysis and Interpretation of Data):-

तथ्याङ्क संकलन गर्ने क्रममा त्रुटिहरु भएका हुन सक्तछन् । तथ्याङ्क संकलनको लगतै पछि ती सबै प्रश्नावलीहरुले सम्पादन गर्नुपर्दछ र हुनै त्रुटिहरु देखिएमा तुरुन्तै सच्याउनु पर्दछ । यसरी उत्तरदाताका सूचनाहरु समावेश गरिएका प्रश्नावली सम्पादन गरिसकेपछि ती सबै प्रश्नावलीमा भएका सूचनाहरुलाई प्रशोधन गर्नुपर्दछ ।

तथ्याङ्कहरु प्रशोधन गर्दा आधुनिक समयमा कम्प्युटर प्रणालीको बढ्दो प्रयोगसंग सँगै विभिन्न सफटवेयर प्रोग्रामहरु प्रयोगमा ल्याइएका छन् । जस्तै क्एक्क, भहअर्भा आदि । सम्भव भएसम्म यस्ता प्याकेजहरुमा तथ्याङ्क समावेश गर्नु प्रयोगमा ल्याउनु उपयुक्त हुन्छ । यदि त्यो संभव छैन भने हाते अभ्यासको माध्यमबाट अध्ययनको उद्देश्य संग मेल खाने गरी विभिन्न तालिकाहरु निर्माण गर्ने र ती तालिकाहरु तथ्याङ्कहरुलाई व्यवस्थापन गर्नुपर्दछ । तालिकामा व्यवस्थित गरिएका तथ्याङ्कहरुलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी ती तालिकामा व्यवस्थित तथ्याङ्कको आधारमा विभिन्न तथ्याङ्कीय मापकहरु, चित्र, चार्ट निर्माण गरी विश्लेषण गर्ने र त्यसरी विश्लेषण गरिएका सूचनाहरुको व्याख्या गर्ने कार्य गरिन्छ ।

## ८. प्रतिवेदन लेखन (Report Writting)

भएको प्राप्तिलाई सर्वसाधारण पाठकवर्ग समक्ष सरल र सहजरुपमा उपलब्ध गराउनको लागि एउटा निश्चित ढाँचामा अध्ययन प्रतिवेदन तयार पार्नु पर्दछ । अध्ययन प्रतिवेदन लेखनको कुनै सर्वमान्य ढाँचा हुदैन तर संस्थागतरुपमा एकरुपता कायम राख्न एउटा निश्चित ढाँचालाई आधार मानेर प्रतिवेदन तयार गर्नुपर्दछ । यस पाठ्यासको प्रयोजनको लागि तयार पार्नुपर्ने अनुसन्धान प्रतिवेदनको ढाँचालाई अनुसूची ९ मा सामावेश गरिएको छ ।

## ९. प्रतिवेदनको रुपरेखा, उद्धरणको प्रयोग र सन्दर्भग्रन्थको व्यवस्थापन (Formatting, Citation and Arangement ofReference)

प्रतिवेदन तयार पार्दा प्रतिवेदनको रुपरेखा अन्तर्गत प्रतिवेदनको किनारा कति छोडने, कुन फण्टको प्रयोग गर्ने ? फण्टको को आकार कति हुने ? एउटा पंक्ति र अर्को पंक्तिको बीचमा कतिको फरक हुने ? शीर्षक लेख्दा संख्याको प्रयोगको तरिका, तालिकामा तथ्याङ्क व्यवस्थि तगर्ने तरिका आदि जस्ता कुराहरु प्रतिवेदनको रुपरेखा अन्तर्गत पर्दछन् भने प्रतिवेदन तयार पर्दा प्रयोग गरिएका सामग्रीबाट संभार गरिएका कुराहरुलाई

कसरी लेख्ने भन्ने कुरा उद्धरण अन्तर्गत पर्दछन् । यसैगरी प्रतिवेदन लेखन र अनुसन्धान गर्ने क्रममा प्रयोगमा आएका सामग्रीहरुको विस्तृत परिचय शन्दर्भग्रन्थ सूची अन्तर्गत पर्दछ । प्रतिवेदन लेखन गर्दा अवलम्बन गरिने प्रतिवेदनको रुपरेखा उद्धरण र शन्दर्भग्रन्थ सूचीको शैली फरक फरक हुने भएतापनि यस पाठ्यासको प्रयोजनको लागि अमेरिकन साइकोलोजिकल एसोसिएसन (APA) को ढाँचालाई आधार बनाउनु पर्दछ ।

### १०. सेमिनारको आयोजना र समूहगत प्रस्तुतीकरण (Conducting Seminar and Group Wise Presentation)

अनुसन्धान प्रतिवेदनको खाका तयार पारेपछि एउटा सेमिनारको आयोजन ागर्नुपर्दछ । सेमिनारको आयोजना सम्बन्धित क्याम्पसमा गरिने छ । उक्त सेमिनारमा विषय शिक्षकले विषय विज्ञको भूमिकामा रहनु हुनेछ भने विद्यार्थीहरुले आफ्नो अध्ययनको प्राप्तिलाई समुहगतरुपमा पालैपालो प्रस्तुतीकरण गर्नेछन र सहपाठी साथी र विज्ञ व्यक्तिका सूझावहरुलाई आत्मसात गर्दै प्रतिवेदनमा समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिनुपर्ने छ सेमीनारको आयोजना विद्यार्थीहरुले गर्नुपर्ने हुन्छ ।

## अनुसूची-१

### तथ्याङ्क संकलनको लागि सहयोग गरिदिन हुन अनुरोध गरिएको पत्रको नमुना

मितिः..............................

**विषयः जो जस संग सम्बन्धित छ ।**

उपरोक्त विषय सम्बन्धमा यस क्याम्पसको बीं एडं चौथो वर्षमा जनसंख्या शिक्षा विषय लिई अध्ययनरत तपसील बमोजिमका. छात्रछात्राहरुले ........................................................................................................................शीर्षकमा स्थलगत अध्ययन गरी प्रतिवेदन तयार पार्नुपर्ने भएकोलें ............................................................क्षेत्रमा तथ्याङ्क संकलनको लागि पठाइएको छ। आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग गरिदिन हुन अनुरोध गरिन्छ । प्राप्त तथ्याङ्कहरुलाई पाठ्यक्रमको शैक्षिक उद्धेश्यप्राप्तिको लागि मात्र प्रयोगमा ल्याइने ब्योहरा जानकारीको लागि अनुरोध गरिन्छ ।

| क्र.सं. | विद्यार्थीको नाम | अनुक्रमाङ्क | त्रिविवि रजिस्ट्रेसन नम्बर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |

.............................

क्याम्पस प्रमुख

## अनुसूची-२

## सिफारिस पत्रको नमुना

**विषय – सिफारिस पत्र**

उपरोक्त विषय सम्बन्धमा यस क्याम्पसमा आठौ सेमिष्टरमा जनसंख्या शिक्षा विषय अध्ययन गरिरहेका तपसील बमोजिमका विद्यार्थीहरुले ............................................... शीर्षकमा तयार पारेको स्थलगत अध्ययन प्रतिवेदन मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको छन् । मेरो जानकारी भएसम्म विद्याथीहरुले स्थलगत अध्ययन गरी प्राथमिक तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तयार पारेकोले यो अध्ययन अध्ययनकर्ता विद्यार्थी/समूहको मौलिकतामा आधारित अध्ययन भएकोले स्वीकृतिको लागि मुल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

तपसिल

| क्र.सं. | विद्यार्थीको नाम | परीक्षा अनुगमन | रजिष्ट्रेसन नम्बर |
|---|---|---|---|
| | | | |

आन्तरिक परीक्षक

नाम........................

पद .............................

दस्तखत..........................

मिति ..........................

## अनुसूची-३

## स्वीकृति पत्रको नमुना

अनुसन्धान प्रतिवेदनको शीर्षक.........

मुल्याङ्कन समीति

............................ ............................

आन्तरिक परिक्षक बाह्य परिक्षक

मिति.................

**अनुसूची-४**

**बाहिरी पृष्टको नमुना**

**अनुसन्धान प्रतिवेदनको शीर्षक.........**

सुदूर पश्चिम विश्व विद्यालय शिक्षाशास्त्र संकाय अन्तगत सेमेष्टर प्रणालीमा आधारित चार वर्षे बी.एड कार्यक्रमको बी.एड. आठौ सेमेष्टरको जनसंख्या शिक्षामाकार्यशाला र गोष्ठी पाठ्यासअन्तर्गत मेजर समुह (पप.एड. ४८२)/ माइनरर समुह (पप.एड. एमसी. ४८३) को आंशिक प्रयोगात्मक खण्डको प्रयोजनका लागि तयार पारिएको अध्ययन प्रतिवेदन

अध्ययनकर्ता समूह

| क.स | नाम | रजिस्ट्रसन नम्बर | परिक्षा अनुक्रमाङक |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |

**क्याम्पसको नाम.........**

**जनसंख्या शिक्षा विभाग**

**ठेगाना..........**

**वर्ष................**

## अनुसूची-५

## प्रतिवद्धता-पत्रको नमुना

## प्रतिवद्धता-पत्र

सुदूरपश्चिम विश्व विद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत सेमेष्टर प्रणालीमा आधारित आफ्नो चार वर्षे बी.एड. कार्यक्रम अन्तर्गत आठौँ समेष्टरमा जनसंख्या शिक्षाको मेजर/माईनरसमूहका "जनसंख्या शिक्षामा कार्यशाला र गोष्ठी" पाठ्याँशको प्रयोगात्मक कार्यको लागि...........शीर्षकमा ..........ठाउमा म/हामिले मेहनत पूर्वक सर्वेक्षण र विश्लेषणात्मक अध्ययन गरी प्रस्तुत अध्ययन प्रतिवेदन तयार गरेको  छु/छौ । प्रस्तुत अध्ययन प्रतिवेदन पुरा गर्न लेख, रचना र प्रतिवेदनहरुको पुनरावलोकन गरिएको छ तर कुनै लेख रचनाहरुको हु-बहु नक्कल गरिएको छैन तसर्थ कुनै पनि त्यस्ता कमजोरी भेटिएमा वा पत्ता लागेमा यो अध्ययन प्रतिवेदन अस्वीकृत भएमा मेरो/हाम्रो मन्जुरी रहनेछ ।

............................

शोधार्थी

# अनुसूची-६

## नमुना छनोट प्रक्रिया (Sampling Procedure)

**नमुना छनोट विधि (Sampling)**

नमुना भन्नाले कुनै एउटा पूर्ण राशीको थोरै अंश अथवा भागलाई जनाउ''छ। नमुना जनसङ्ख्या भन्नाले ठूलो समूहबाट छनोट गरिएको थोरै जनसङ्ख्यालाई बुझाउ''छ। सम्पूर्ण जनसङ्ख्यामध्येबाट नमुनाको रूपमा केही जनसङ्ख्या अथवा घरपरिवारलाई छनोट गर्ने प्रक्रिया अथवा तरिकालाई नमुना छनोट विधि (Sampling) भनिन्छ।

कुनै ठाउवा क्षेत्रको बारेमा कुनै निश्चित विषयवस्तुको बारेमा अध्ययन/अनुसन्धान गर्नुपर्दा सम्पूर्ण जनसङ्ख्याको तथ्याङ्क सङकलन गरेर अध्ययन/अनुसन्धान गर्दा समय, खर्च र जनशक्ति पनि अधिक लाग्ने हुनाले अनुसन्धानविद्हरूले छोटो समयमा, कम खर्चमा बढी विश्वसनीय तथ्याङ्क प्राप्त गर्न सकिने एउटा भरपर्दो उपायको रूपमा नमुना छनोट विधिलाई प्रचलनमा ल्याएको देखिन्छ। नमुना छनोट विधिअन्तर्गत नमुना छनोट गर्दा सम्पूर्णताको प्रतिनिधित्व हुने गरी निष्पक्षताको आधारमा नमुना छनोट गर्न सकिएमा त्यसबाट प्राप्त निष्कर्ष बढी विश्वसनीय हुने सम्भावना रहन्छ भने नमुना छनोट गर्दा स्वविवेक, स्वेच्छा अथवा आफनो सुविधाजनक हुने गरी नमुना छनोट गरेमा त्यसबाट प्राप्त निष्कर्ष भरपर्दो हुने सम्भावना कमै हुन्छ। नमुना छनोट गर्दा नमुनाको रूपमा छनोट गरिएका एकाइहरूले सम्पूर्णताको प्रतिनिधित्व गरेका हुन्छन् र त्यसबाट प्राप्त निष्कर्ष सम्पूर्ण क्षेत्रका लागि मान्य हुन्छ भन्ने मान्यता राखिन्छ।

**नमुना छनोट विधिका प्रकारहरू (Types of Sampling)**

नमुना छनोट विधिका प्रकारहरूलाई निम्नलिखित दुई भागमा बा''ड्न सकिन्छः-

१. निष्पक्ष वा संयोगिक वा सम्भावित नमुना छनोट
   Random or probability sampling
२. स्वेच्छिक वा असंयोगिक वा असम्भावित नमुना छनोट
   Non randon or non-probability sampling

## १. निष्पक्ष वा संयोगिक वा सम्भावित नमुना छनोट<br>Random or Probability Sampling

यो नमुना छनोटको ज्यादै नै भरपर्दो विधि मानिन्छ किनभने यस विधिअन्तर्गत कुनै समूह क्षेत्र अथवा जनसङ्ख्याको सबै एकाइहरू आदिले नमुनाको रूपमा छनोट हुने समान अवसर पाउछन्। कुन छानिने र कुन नछानिने भन्ने कुरा संयोगमा भरपर्छ। सबै एकाइको छनोट हुन सक्ने सम्भावना समान हुने हुनाले यसलाई सम्भावित नमुना छनोट विधि भनिन्छ। यो विधिलाई पनि विभिन्न उपभागमा विभाजन गर्न सकिन्छ, जस्तैः

i. साधारण संयोगिक नमुना छनोट विधि (Simple random sampling)
ii. सुनियोजित संयोगिक नमुना छनोट विधि (Systimatic random sampling method)
iii. स्तरीय संयोगिक नमुना छनोट विधि (Stratified random sampling method)

iv. बहुस्तरीय संयोगिक नमुना छनोट विधि (Multistage random sampling method)

**i) साधारण संयोगिक नमुना छनोट विधि (Simple Random Sampling)**

यो विधिअनुसार नमुना छनोट गर्दा सबै एकाइहरूको छनोट हुनसक्ने सम्भावना बराबर हुन्छ । यो विधिअनुसार नमुना छनोट गर्दा निम्नलिखित दुई तरिकाहरू अवलम्बन गर्न सकिन्छः-

(अ) चिट्ठा प्रणाली (Lottery method)
(आ) संयोगिक सङ्ख्याहरूको तालिका (Table of random number)

**ii) सुनियोजित संयोगिक नमुना छनोट विधि**
**Systimatic Random Sampling Method**

यो विधिअनुसार नमुना छनोट गर्दा सबभन्दा पहिला सबै जनसङ्ख्याको क्रमअनुसार सूची तयार पार्नुपर्दछ । त्यसपछि नमुना अन्तराल (Sampling Interval)पत्ता लगाउनुपर्दछ । नमुनाअन्तर्गत पत्ता लगाउन निम्नलिखित सूत्र प्रयोग गर्न सकिन्छ :

$K = \frac{N}{n}$ यहा K= नमुना अन्तराल

N . सम्पूर्ण एकाइहरूको सङ्ख्या

n . नमुना एकाइको सङ्ख्या

यसरी नमुना अन्तराल छनोट गरेपछि पहिला कुनै सङ्ख्या संयोगिक तरिकाले छनोट गर्ने गरिन्छ भने बा‘‘की नमुना जनसङ्ख्या छनोट गरिएको नमुना अन्तरालको आधारमा गरिन्छ ।

उदाहरणका लागि कुनै एउटा ठाउमा ५०० घरपरिवार रहेछन् र त्यसमध्ये ५० परिवार छनोट गर्नुछ भने सबभन्दा पहिला नमुना अन्तराल यसरी छनोट गरिन्छ -

$$K = \frac{N}{n} = \frac{500}{50} = 10$$

अब, यहा‘‘ १ देखि १० सम्मको कुनै एक सङ्ख्या संयोगिक तरिकाले छनोट गरिन्छ भने बा‘‘की सङ्ख्या छनोट गरिएको उक्त सङ्ख्याबाट १०/१० को अन्तरालमा छनोट गरिन्छ ।

**iii) स्तरीय संयोगिक नमुना छनोट विधि**
**Stratified Random Sampling Method**

यो विधिअनुसार नमुना छनोट गर्दा कुनै ठूलो क्षेत्र अथवा समूहको जनसङ्ख्यालाई समान विशेषताहरूको आधारमा विभिन्न तह अथवा वर्गमा (Strata) मा विभाजन गरिन्छ । यसरी विभिन्न तह अथवा वर्गमा विभाजन गरेपछि उक्त विभाजित वर्ग अथवा तहबाट संयोगिक छनोट विधि अपनाएर नमुना जनसङ्ख्या छनोट गरिन्छ ।

**iv) बहुस्तरीय नमुना छनोट विधि (Multistage Sampling Method)**

यो विधि विशेष गरेर धेरै ठूलो क्षेत्रको जनसङ्ख्याको नमुना छनोट गर्दा प्रयोग गरिन्छ । यो विधिअनुसार नमुना छनोट प्रक्रिया एउटै चरणमा पूरा नगरी धेरै चरणमा सम्पन्न गरिन्छ । यो विधिअनुसार सर्वप्रथम सम्पूर्ण क्षेत्रलाई विभिन्न

एकाइमा विभाजन गरी ती एकाइहरूमध्ये संयोगिक विधि अपनाई केही एकाइ छनोट गरिन्छ। त्यसपछि छनोट गरिएका एकाइहरूलाई पनि विभिन्न उपएकाइहरूमा विभाजन गरी त्यसमा पनि संयोगिक छनोट विधिअनुसार केही उपएकाइहरू छनोट गरिन्छ। उदाहरणका लागि नेपालभरि केही जनसङ्ख्यालाई नमुनाको रूपमा छनोट गर्नुपरेमा पहिला संयोगिक नमुना छनोट विधिको आधारमा ७५ जिल्लामध्येबाट केही जिल्लाहरू छनोट गर्नुपर्ने हुन्छ। त्यसपछि छनोट गरिएका जिल्लाहरूमध्येबाट सबै गाविस/नपामध्येबाट केही गाविस/नपा छनोट गर्नुपर्ने हुन्छ। त्यसपछि छनोट गरिएका गाविस/नपाका सबै वडाहरूमध्येबाट केही वडाहरू छनोट गर्नुपर्ने हुन्छ। त्यसपछि छनोट गरिएका वडाहरूमा सबै घरपरिवारहरूबाट केही घरपरिवारहरू छनोट गर्नुपर्ने हुन्छ। यसरी छनोट गर्ने क्रममा संयोगिक नमुना छनोट विधि नै प्रयोग गरिन्छ तर नमुना छनोट प्रक्रिया विभिन्न चरणमा सम्पन्न गरिने हुनाले यसलाई बहुस्तरीय नमुना छनोट विधि भनिन्छ।

## २. स्वैच्छिक वा असंयोगिक वा असम्भावित नमुना छनोट विधि
## Non-random or Non-probability Sampling Method

यो विधिअन्तर्गत सम्पूर्ण क्षेत्र, समूह अथवा जनसङ्ख्यामा समाविष्ट सबै एकाइहरूले नमुनाको रूपमा छनोट हुन सक्ने समान अवसर पाउ‘‘दैन। यस विधिअनुसार नमुना छनोट गर्दा कुन एकाइ छनोट हुने र कुन एकाइ छनोट नहुने भन्ने कुरा एक सीमासम्म अनुसन्धानकर्ता अथवा नमुना छनोट गर्ने व्यक्तिको स्वेच्छामा निर्भर गर्दछ। यो विधिलाई पनि विभिन्न उपभागमा विभाजन गर्न सकिन्छ, जस्तैः-

i) स्वविवेक नमुना छनोट विधि (Judgement sampling)
ii) सुविधायुक्त नमुना छनोट विधि(Convenience sampling)
iii)_कोटा नमुना छनोट विधि (Quata sampling)

### i) स्वविवेक नमुना विधि **(Judgement Sampling)**

यो विधिलाई अर्को शब्दमा एगचउयकष्खभ क्कउष्लिन पनि भनिन्छ। यसअन्तर्गत सम्पूर्ण जनसङ्ख्या वा एकाइमध्ये नमुना जनसङ्ख्या वा एकाइ छनोट गर्दा अनुसन्धानकर्ता अथवा छनोट गर्ने व्यक्तिले आÇनो स्वविवेकका आधारमा जुन एकाइ उसले छनोट गर्नु अथवा समावेश गर्नु उपयुक्त देख्दछ ती एकाइहरू छनोट गर्दछ तर छनोट गर्दा छनोटकर्ताले सम्पूर्णताको प्रतिनिधित्व हुने गरी मिलाएर छनोट गर्नुपर्ने हुन्छ।

### ii) सुविधायुक्त नमुना छनोट विधि **(Convenience Sampling)**

यो विधिअनुसार अनुसन्धानकर्ताले अथवा छनोटकर्ताले सम्पूर्ण जनसङ्ख्यामध्येबाट नमुनाको रूपमा एकाइ छनोट गर्दा आफूलाई सुविधा हुने, आफ्नो नजिक हुने अथवा पायक पर्ने एकाइलाई छनोट गर्दछ। यसैगरी कुनै तयारी अवस्थामा उपलब्ध सूचीहरू जस्तै टेलिफोन डाइरेक्टरी, सवारीसाधन दर्ता सूची आदिबाट नमुना छनोट गरिन्छ भने त्यो पनि यसैअन्तर्गत पर्दछ।

### iii) कोटा नमुना छनोट विधि **(Quota Sampling)**

यस विधिअन्तर्गत नमुना छनोट गर्दा सम्पूर्ण जनसङ्ख्या, समूह अथवा क्षेत्रलाई विशेष विशेषताहरू अथवा गुणका आधारमा कोटा निर्धारण गरिन्छ, जस्तै- जातिगत समूह, भाषागत समूह, क्षेत्रगत समूह, लिङ्ग, उमेर, पेसा आदि यसरी कोटा निर्धारण गरेपछि ती विभिन्न कोटाहरूभित्रमध्येबाट पर्नेगरी अनुसन्धानकर्ता अथवा छनोटकर्ताले आÇनो स्वविवेकको आधारमा एकाइहरू छनोट गर्दछ।

# अनुसूची-७

## प्रश्नावलीको निर्माण (Construction of Questionnaire)

कुनै विषयवस्तुका बारेमा अनुसन्धानात्मक अध्ययनका लागि सर्वेक्षण प्रश्नावली तयार पार्नुभन्दा पहिला अनुसन्धानकर्ताले अनुसन्धानको स्वभाव (अर्थात् सङ्ख्यात्मक वा गुणात्मक), उद्देश्य, परिकल्पनाहरू, अनुसन्धानमा समावेश गरिने विषयवस्तु आदिजस्ता पक्षमा विचार गर्नुपर्दछ। अनुसन्धानकर्ताले प्रश्नावली निर्माण गर्नुभन्दा पहिले नै प्रश्नावलीमा केके कुराहरू समावेश हुन्छ, त्यसको बारेमा स्पष्ट हुनु जरुरी हुन्छ भने प्रश्नावली तयार पारिसकेपछि त्यसलाई सम्बन्धित विषयको विशेषज्ञद्वारा जाच गराउनु आवश्यक हुन्छ। सामान्यतया सर्वेक्षण प्रश्नावली तयार पार्दा निम्नलिखित कुराहरूमा विशेष ध्यान दिनुपर्दछः-

(क) प्रश्नावलीमा सरल भाषाको प्रयोग गरिनुपर्दछ, जसले गर्दा उत्तरदाताहरू सजिलैसग प्रश्नावलीलाई बुझ्न सकून्।

(ख) प्रश्नावलीमा उत्तरदाताहरूलाई उत्तर दिन हिचकिचाहट हुने, लजाउने र दुःख लाग्ने जस्ता शब्दहरू प्रयोग गरेर प्रश्नहरू निर्माण गर्नु हुदैन।

(ग) प्रश्नहरू सरल, स्पष्ट र दोहोरो अर्थ नलाग्ने हुनुपर्दछ। साथै एउटा प्रश्नावलीबाट एकभन्दा बढी सूचनाहरू प्राप्त गर्ने उद्देश्यले प्रश्नावली तयार पार्नुहुदैन अर्थात् एउटा प्रश्नबाट एउटै प्रकारको मात्र सूचना सङ्कलन गर्ने उद्देश्यले मात्र प्रश्न निर्माण गर्नुपर्दछ। उदाहरणको लागि तपाईं र तपाईंको श्रीमान्ले अर्को बच्चा पाउने इच्छा गर्नुभएको छ ? यस्तो प्रश्न सोध्नुको सट्टा तपाईंले अर्को बच्चा पाउने इच्छा गर्नुभएको छ ? भन्ने जस्तो प्रश्न सोध्नु उपयुक्त हुन्छ किनभने ऊ र उसको श्रीमान्को इच्छा फरक-फरक हुन सक्छ।

(घ) प्रश्नावली निर्माण गर्दा सजिलो प्रश्नबाट सुरुआत गर्नुपर्दछ र प्रश्नहरू सिलसिलाबद्ध उत्तर आउने गरी बनाउनुपर्दछ।

(ङ) आफूले अध्ययन/अनुसन्धान गर्न चाहेको विषयवस्तुको सम्पूर्ण पक्षलाई समेट्ने गरेर प्रश्नहरू निर्माण गर्नुपर्दछ।

(च) प्रश्नावलीमा आफूलाई आवश्यक पर्ने तथ्याङ्कहरूसग सम्बन्धित प्रश्नहरू मात्र समावेश गरिनुपर्दछ। अनावश्यक प्रश्नहरू समावेश गरेर प्रश्नावली लामो पार्नु उपयुक्त हुदैन। प्रश्नावली सकभर छोटो हुनुपर्दछ।

(छ) प्रश्नहरू निर्माण गर्दा लामो प्रश्नहरू बनाउन उपयुक्त हुदैन। छोटो र स्पष्ट उत्तर आउने खोलको प्रश्न निर्माण गर्नुपर्दछ।

(ज) प्रश्नावलीको रूपरेखा तयार पारिसकेपछि एकचोटि सम्बन्धित विषयको विशेषज्ञसग जाच गराएर आवश्यकतानुसार त्यसमा रहेका कमीकमजोरीलाई सच्याउनुपर्दछ।

(झ) सर्वेक्षण प्रश्नावलीलाई अन्तिम रूप दिनुअघि कुनै एउटा ठाउको केही जनसङ्ख्यालाई नमुनाको रूपमा लिएर प्रश्नावलीको पूर्वपरीक्षण गरिनु आवश्यक हुन्छ। यसरी प्रश्नावलीको पूर्वपरीक्षण गर्ने सिलसिलामा देखिएका कमीकमजोरीहरूलाई हटाएर मात्र अन्तिम प्रश्नावली तयार पार्नुपर्दछ।

(ञ) प्रश्नावली तयार पार्दा साधारणतया सामान्य प्रकृतिका प्रश्नहरू मात्र समावेश गर्नुपर्दछ, उत्तरदाताको गोपनीयता भङ्ग हुने खालका प्रश्नहरू सकभर समावेश नगर्नु नै उचित हुन्छ।

(ट) अनुसन्धान गर्नुपर्ने विषयवस्तुको प्रकृति हेरेर आवश्यकतानुसार खुला र बन्द प्रश्नहरू निर्माण गर्न सकिन्छ तर खुला प्रश्नहरू निर्माण गर्दा सकभर उत्तरदाताले थोरै वाक्यमा उत्तर दिनसक्ने हिसाबले निर्माण गर्नुपर्दछ साथै खुला प्रश्नहरूलाई प्रश्नावलीको अन्तिम भागमा सिलसिलाबद्ध रूपमा मिलाएर राख्नु उपयुक्त हुन्छ अर्थात् बन्द प्रश्नहरू (Closed questions)लाई प्रश्नावलीको सुरुमा र खुला प्रश्नहरूलाई अन्तमा राख्नु उपयुक्त हुन्छ किनभने खुला प्रश्नहरूमा उत्तरदाताले सोच्नुपर्ने, विचार गर्नुपर्ने, लेख्नुपर्ने आदि क्रियाकलाप गर्नुपर्ने हुनाले बढी समय लाग्दछ ।

(ठ) प्रश्नावलीको निर्माण गर्दा बिचबिचमा केही छड्के प्रश्नहरूसमेत समावेश गर्नु उपयुक्त हुन्छ, जसबाट उत्तरदाताले दिएका सूचनाहरूको विश्वसनीयता जाच गर्न सकिन्छ ।

## प्रश्नावलीका प्रका/(Types of Questionnaire)

सामान्यतया सर्वेक्षणमा प्रयोग गरिने प्रश्नावली ९क्ाचखभथ त्रगभकतष्यललबष्चभ० अथवा तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले तयार पारिने प्रश्नावलीलाई निम्नानुसार २ भागमा बा‘‘ड्न सकिन्छः-

१. खुला प्रश्नावली (Open questionnaire)
२. बन्द प्रश्नावली (Closed questionnaire)

### १. खुला प्रश्नावली (Open Questionnaire)

खुला प्रश्नावलीमा त्यस्ता प्रश्नहरू समावेश गरिएका हुन्छन् जसमा उत्तरदाताहरू स्वतन्त्ररूपले आफ्नो विचार व्यक्त गर्न सक्दछन् । यसप्रकारको प्रश्नावलीमा उत्तरदातालाई प्रश्नहरू सोधेर त्यसको बारेमा उनीहरूको विचार भन्न लगाइन्छ । उदाहरणका लागि खुला प्रश्नहरूको केही नमुनाहरू तल उल्लेख गरिएको छः-

(क) तपाईंको विचारमा परिवार नियोजन कार्यक्रमको प्रभावकारितामा अभिवृद्धि गर्न केके कार्यक्रमहरू लागू गर्नुपर्ला ?

......
....
.....

(ख) विद्यालयस्तरमा यौनशिक्षा शिक्षण गर्न कुनकुन विषयवस्तु समावेश गर्नु उपयुक्त हुनेछ ?

....
....
....

(ग) धूम्रपानले तपाईं र तपाईंको परिवारको स्वास्थ्यमा के-कस्तो असर पार्न सक्दछ ?

....
......
आदि ।

कुनै विषयवस्तुको बारेमा गुणात्मक पक्षको अध्ययन अनुसन्धान गर्दा खुला प्रश्नावलीको प्रयोग गर्नु उपयुक्त हुन्छ । खुला प्रश्नावलीमा उत्तरदाताहरूले दिएका सूचनाहरू भिन्नभिन्न प्रकृतिका र एउटै उत्तरदाताले धेरै वाक्यमा उत्तर दिनसक्ने हुनाले ती सूचनाहरूलाई कोडिङ्ग गर्न र अनुसन्धानको परिणामको विश्लेषण गर्दा व्यवस्थितरूपमा मिलाउन अलिकति कठिन हुन्छ ।

२. **बन्द प्रश्नावली (Closed Questionnaire)**

बन्द प्रश्नावलीमा त्यस्ता प्रश्नहरू समावेश गरिएका हुन्छन्, जसमा उत्तरदाताले दिइएका कुनै निश्चित विकल्पहरूमध्ये एउटा मात्र विकल्प छनोट गर्नुपर्दछ अथवा कुनै एउटा वा थोरै शब्दमा आÇनो उत्तर दिनुपर्दछ। उदाहरणका लागि सही उत्तरमा चिह्न लगाउने, खाली ठाउ" भर्ने आदिजस्ता प्रश्नहरू यसप्रकारको प्रश्नावलीमा समावेश गरिन्छन्। तल केही बन्द प्रश्नावलीमा समावेश गरिने प्रश्नहरूको नमुना दिइएको छ।

(क)तपाईं कति वर्षको हुनुभयो ?

...... वर्ष।

(ख)के तपाईंले हालसम्म कुनै जीवित शिशुको जन्म दिनुभएको छ ?

छ ☐ छैन ☐

(ग)यदि छ भने हालसम्म कति जीवित शिशु जन्माउनुभएको छ ?

.....

(घ)के तपाईंलाई परिवार नियोजनका साधनहरूको बारेमा थाहा छ ?

छ ☐ छैन ☐

(ङ)यदि छ भने तलका मध्ये कुन-कुन साधनहरूको बारेमा थाहा छ ?

☐ पिल्स ☐ तीन महिने सूई

☐ कण्डम ☐ पुरुष बन्ध्याकरण

☐ आई.यू.डी. ☐ महिला बन्ध्याकरण

☐ नरप्लान्ट ☐ अन्य

☐ डाइफ्राम र रबरको टोपी

☐ गोसीपोल

☐ फेमिडम

साधारणतया नमुना सर्वेक्षणमा बन्द प्रश्नावलीमा समावेश गरिने खालका प्रश्नहरू बढी मात्रामा प्रयोग भएको पाइन्छ। यस्ता प्रश्नहरू सोधेर प्राप्त हुने सूचनाहरू कोडिङ गर्न सजिलो हुनुका साथै अनुसन्धानको निष्कर्षको सामान्यीकरण गर्दा पनि ज्यादै सजिलो हुन्छ।

**तथ्याङ्कको प्रकृति (Nature of data)को आधारमा प्रश्नावलीलाई निम्नानुसार दुई भागमा बाड्न सकिन्छः-**

१. व्यक्तिगत प्रश्नावली
२. पारिवारिक प्रश्नावली

१. व्यक्तिगत प्रश्नावली **(Individual Questionnaire)**

यसलाई अर्को शब्दमा व्यक्तिगत लगत पनि भनिन्छ। यसप्रकारको प्रश्नावली प्रत्येक व्यक्तिको लागि छुट्टाछुट्टै तयार पारिन्छ। कुनै व्यक्तिको बारेमा व्यक्तिगत सूचनाहरू प्राप्त गर्ने उद्देश्यले यसप्रकारको प्रश्नावलीको निर्माण गरिन्छ।

२. पारिवारिक प्रश्नावली **(Household Questionnaire)**

यसप्रकारको प्रश्नावलीलाई पारिवारिक लगत पनि भनिन्छ। यसप्रकारको प्रश्नावली प्रत्येक व्यक्तिको सट्टा घरको मुख्य व्यक्तिलाई सोधिन्छ। साधारणतया घरपरिवारका सदस्यहरूको साझा विशेषताहरू सङ्कलन गर्न यसप्रकारको प्रश्नावलीको निर्माण गरिन्छ।

# अनुसूची-८

## अन्तर्वार्ता लिन जाँदा ध्यान दिनुपर्ने कुराहरू

## Considerations in Taking Interview

कुनै पनि अनुसन्धानमूलक कार्यको एउटा महत्वपूर्ण कदम तथ्याङ्क सङ्कलन हो किनभने कुनै पनि अनुसन्धानमूलक कार्यको सफलता सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्वसनीयतामा निर्भर गर्दछ। सङ्कलन गरिएका तथ्याङ्क सत्यतथ्य र वास्तविकतामा आधारित भएमा मात्र यिनीहरूको विश्लेषण गरेर कुनै उचित निष्कर्षमा पुग्न सकिन्छ।अन्तर्वार्ता विधिअनुसार तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित विषयवस्तुका बारेमा राम्ररी जानकारी भएका परिपक्व वा सरोकारवाला व्यक्तिसग प्रत्यक्ष सम्पर्क राखी मौखिक लिखित प्रश्नहरू सोधेर तथ्याङ्क सङ्कलन गरिन्छ। अन्तर्वार्ता लिन जादा ध्यान दिनुपर्ने कुराहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:-

१. अन्तर्वार्ता लिनजादा जवाफ दिने व्यक्तिबाट विश्वसनीय तथा सत्य तथ्य जवाफ पाउने वातावरण बनाउन सक्नुपर्दछ।
२. प्रश्नहरू सोध्दा जवाफ आउने व्यक्तिलाई आनन्दमय वातावरणमा राख्ने कोसिस गर्नुपर्दछ।
३. जवाफ दिने व्यक्तिले दिएको जवाफमात्र भर्नुपर्दछ आफैले अनुमान गर्नु हुदैन।
४. आफ्नो परिचय छोटकरीमा दिई पहिलो प्रश्न सोध्ने कोसिस गर्नुपर्दछ।
५. अन्तर्वार्ता लिदा सकेसम्म मिठास बोली बोल्नुपर्दछ र यसरी अन्तर्वार्ता लिदा प्रश्नमा भएका प्रश्नबाहेक अरू नचाहिने प्रश्न र कुराकानी गर्नु हुदैन।
६. प्रश्नहरू पढेर सोध्नुभन्दा कुरा गरेको जस्तो गरेर जस्ताको तस्तै गरेर सोध्नुपर्दछ। त्यसैले सोध्ने तरिकामा धेरै अभ्यास गर्नुपर्दछ।
७. जवाफ दिने व्यक्ति कडा स्वभावको भए तापनि आफू नम्र भएर व्यवहार गर्नुपर्दछ।
८. कुनै प्रश्नको जवाफमा “थाहा छैन” भन्ने जवाफ पाएमा दोहऱ्याउनु राम्रो हुनेछ।
९. फिल्डमा जान अगाडि सम्बन्धित व्यक्तिले आवश्यक फाराम र कागजपत्रहरू ठीक छ छैन जाची आफ्नोसाथमा लैजानुपर्दछ।
१०. फिल्डका लागि प्रस्थान गरिसकेपछि सबभन्दा पहिला सम्बन्धित वडा कार्यालय वा वडा कार्यालय नभए गाविसमा सम्पर्क राखी सर्वेक्षणको उद्देश्य प्रस्ट पारी कुन दिनदेखि कुन घरबाट सुरु गर्ने हो जानकारी दिई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।
११. आफूले सर्वेक्षण गर्ने वडाको एक पायक पर्ने ठाउलाई केन्द्रविन्दु बनाई सो केन्द्रको दायाघरबाट सुरु गरी हरेक घरलाई आफ्नो ो दायापारी जुन घरबाट सर्वेक्षण सुरु गरिएको हो अन्त्यमा सोही घरछेउ आइपुग्नु राम्रो हुनेछ।
१२. आफूले अन्तर्वार्ता लिनजादा सकेसम्म पहिले घरमूलीलाई भेट्ने। घरमूलीलाई भेट्न नसकेमा मात्र सोही घरको अन्य व्यक्तिलाई भेटी आफू आएको उद्देश्यबारे प्रकाश पार्नुपर्दछ। घरको विवरणबारे सो व्यक्तिसग सोधी अन्य प्रश्नावलीको विवरण सम्बन्धित व्यक्तिसग सोध्नुपर्दछ।
१३. फिल्डमा केही समस्या आइपरेमा सकेसम्म सरल तरिकाबाट पनि समस्या समाधान नभएमा तुरुन्तै केन्द्रमा सम्पर्क राख्नुपर्दछ।
१४. हरेक प्रश्नावलीहरू फिल्डमा नै जाच्नुपर्दछ र प्रश्नहरू नभरेको वा नमिलेको पाएमा तुरुन्तै मिलाउनुपर्दछ।

# अनुसूची-९

## जनसङ्ख्या शिक्षामा स्थलगत अध्ययन कार्य र प्रतिवेदन लेखन
## Fieldwork and Report Writting in Population Education

अनुसन्धानकर्ताले अनुसन्धान गर्न खोजेको विषयवस्तुका बारेमा तथ्यगत कुरा पत्ता लगाइसकेपछि उक्त कुरालाई सर्वसाधरण पाठकवर्ग समक्ष पुऱ्याउनका लागि अनुसन्धान प्रतिवेदन तयार पार्नुपर्ने हुन्छ। अनुसन्धान प्रतिवेदन सरल भाषामा, स्पष्ट रूपमा बुझिने गरी विस्तृतरूपमा तयार गर्नुपर्ने हुन्छ। अनुसन्धानकर्ताले पत्ता लगाएको कुरालाई सर्वसाधरण पाठकवर्गले जानकारी प्राप्त गर्ने माध्यम नै अनुसन्धान प्रतिवेदन भएको कारणले गर्दा यसको स्तरीयता, सरलता, स्पष्टता, विस्तृतता र चित्रात्मक प्रस्तुतीकरण आदि जस्ता कुराहरूको आधारमा तयार पारिएको अनुसन्धान प्रतिवेदनको आफ्नो महत्व रहेको हुन्छ। वास्तवमा अनुसन्धान प्रतिवेदन लेखनको कार्य पूरा भएपछि मात्र अनुसन्धानात्मक कार्य पूरा भएको मानिन्छ। अनुन्धान प्रतिवेदन उपयुक्त ढाचामा तयार पारिएको हुनुपर्दछ। अनुसन्धान प्रतिवेदन विभिन्न ढाचामा तयार पार्न सकिन्छ। यसका लागि कुनै सर्वमान्य ढाचा नै हुन्छ भन्ने त छैन तर अनुसन्धान गर्ने क्रममा अबलम्वन गरिएका सबैजसो तरिकाहरू, पत्ता लागेका कुराहरू आदि सबै कुरा समेट्ने गरी अनुसन्धान प्रतिवेदन तयार पारिन्छ।

सामान्यतया जनसङ्ख्या शिक्षासग सम्बन्धित विषयवस्तुमा अनुसन्धान प्रतिवेदन तयार गर्दा अनुसन्धान प्रतिवेदनलाई मुख्यतया पाचवटा अध्यायमा विभाजन गरी निम्नलिखित ढाचामा तयार पार्नु उपयुक्त मानिन्छ।

**अनुसन्धान प्रतिवेदन समावेश गरिने अध्याय, शीर्षक र उपशीर्षकहरू**

बाह्य पेज
**प्रतिज्ञा पत्र**
**कृतज्ञता पत्र**
**सिफारिस पत्र**
**स्वीकृति पत्र**
**विषय सूची**

अध्याय एक : परिचय

- प्रस्तावना
- समस्याको कथन
- अध्ययनका उदेश्यहरू
- अध्ययनको महत्व
- अध्ययनको सीमाङ्कन
- अध्ययन सङ्गठन

अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन

अध्याय तीन : अध्ययन विधि

- अध्ययन क्षेत्रको छनोट
- नमुना जनसङख्या र उत्तरदाताको छनोट
- नमुना छनोट प्रक्रिया
- तथ्याङकको स्रोत
- तथ्याङ्क सङ्कलनका साधनहरू
- तथ्याङ्क सङ्कलन विधि
- तथ्याङ्कको प्रसतुतीकरण तथा विश्लेषण गर्ने प्रविधि

अध्याय चार : तथ्याङ्कको प्रस्तुतीकरण तथा व्याख्या
अध्याय पाच : सारांश, निष्कर्ष र सुझावहरू

- सारांश
- निष्कर्ष
- सुझावहरू

सन्दर्भग्रन्थ सूची
परिशिष्टाङ्क

## विषयवस्तुको विस्तृतीकरण

अनुन्सधान प्रतिवेदन तयार पार्ने क्रममा अबलम्बन गरिने विभिन्न अध्यायहरू अन्तर्गतका विभिन्न कुराहरूलाई निम्नानुसार वर्णन गरिएको छ :-

**अध्याय : एक**

**परिचय (Introduction)**

अनुसन्धान प्रतिवेदनको पहिलो अध्यायमा मुख्य शीर्षकको रूपमा परिचय राखिन्छ जसअन्तर्गत प्रस्तावना, समस्याको कथन, अध्ययनको उद्देश्यहरू, अध्ययनको महत्व अध्ययनको सीमाङ्कन, अध्ययनको सङ्गठन आदि जस्ता उपशीर्षकहरू समावेश गरिन्छन्, जसका बारेमा निम्नानुसार वर्णन गरिएको छ :-

### १.१ प्रस्तावना(Background)

यस उपशीर्षकको सट्टामा अध्ययनको पृष्ठभूमि भन्ने शब्द पनि पर्यायवाची शब्दको रूपमा प्रयोग गर्न सकिन्छ। यस शीर्षकअन्तर्गत अनुसन्धानको विषयवस्तु अथवा समस्यालाई प्रतिविम्बित हुनेगरी छोटकरीमा पाठवर्गलाई पहिचान गराउन विषयवस्तुको वर्णन गर्नुपर्ने हुन्छ। प्रस्तावनाअन्तर्गत विशेषगरी अनुसन्धान गरेको विषयवस्तु अथवा समस्याको परिचय, परिभाषा, ऐतिहासिक पृष्ठभूमि, वर्तमान अवस्था आदि जस्ता कुराहरू समावेश गरिन्छन् ।

### १.२ समस्याको कथन(Statement of the Problem)

यस शीर्षकअन्तर्गत अनुसन्धानकर्ताले अध्ययनका लागि छनोट गरिएको विषयवस्तुलाई अनुसन्धान गर्नका लागि छनोट गर्नुपर्ने कारण खुलाउनुपर्दछ। किन अनुसन्धानको लागि उक्त विषयवस्तु छनोट गरिएको हो ? अनुसन्धानका लागि छनोट गरिएको विषयवस्तु वास्तवमा अनुसन्धानमूलक हो वा होइन ? यदि हो भने यो के-के कारणले अनुसन्धानमूलक छ भन्ने आधारहरू दिनुपर्दछ। यसको अतिरिक्त उक्त विषयवस्तुमा विगतमा कसैले अध्ययन अनुसन्धान गरेको छ वा छैन ? यदि कसैले गरेको छैन भने त्यो त्यसै पनि महत्वपूर्ण छ भनेर जनाउनु बेस हुने छ कसैले गरेको छ तर विश्लेषणात्मक छ वा छैन ? अपूरो छ ? भएका तथ्य तथ्याङ्कहरू त्यतिका समसामयिक छन् कि छैनन् ? आदि जस्ता कुराहरूलाई तुलना गरेर आफ्नो प्रस्तावित शोधकार्यलाई राम्रो संज्ञा दिएर लेख्नु उपयुक्त हुन्छ। समस्याको कथन लेख्दा अध्ययनको सीमासग सम्बन्धित हुनु हुँदैन ।

### १.३ अध्ययनको उद्देश्यहरू(Objectives of the Study)

उद्देश्यहरू किटान नगरी कुनै पनि अनुसन्धानात्मक कार्यबाट अपेक्षित उपलब्धिहरू प्राप्त गर्न सकि"दैन। यसकारण यस शीर्षकअन्तर्गत छनोट गरिएको शीर्षकमा आफूले अध्ययन गर्न खोजेको कुरा के हो ? अर्थात् त्यसबाट के-के कुराहरू पत्ता लगाउने अपेक्षा गरिएको छ ? आदि जस्ता कुराहरू बुदागतरूपमा स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ। अध्ययनका उद्देश्यहरू निर्माण गर्दा गर्नुपर्दछ। उद्देश्यहरू जति थोरै सङ्ख्यामा राखिएको हुन्छ उति सोधको दायरा पनि त्यति नै फराकिलो र विस्तृत हुन्छ। आ- आफ्नो स्रोत-साधन समय, आवश्यकता आदि जस्ता कुराहरूलाई विचार गरेर उद्देश्यहरू धेरै सङ्ख्यामा पनि होइन थोरै सङ्ख्यामा पनि होइन, ठीक अथवा उपयुक्त सङ्ख्यामा निर्धारण गर्नु बुद्धिमानी हुन्छ।

### १.४ अध्ययनको महत्व(Importance of the Study)

यस शीर्षकअन्तर्गत आफूले अध्ययन एंव अनुसन्धान गर्न खोजेको विषयको व्यावहारिक उपयोगिता अथवा महत्व उल्लेख गर्नुपर्दछ। प्रस्तुत शोधकार्यबाट विशेषगरी कुन पक्ष लाभान्वित हुनेछ ? अर्थात् विशेषगरेर क-कसलाई के-के कुरामा सहयोग पुग्नेछ ? आदि जस्ता कुराहरूलाई बुदागतरूपमा उल्लेख गर्नुपर्दछ। यसका अतिरिक्त आर्थिक, शैक्षिक

सामाजिक, धार्मिक, सांस्कृतिक, वैज्ञानिक आदि क्षेत्रमा उक्त शोधकार्यले के विशेष योगदान गर्ने क्षमता राख्दछ भन्ने कुरा पनि उल्लेख गर्नु उपयुक्त हुनेछ ।

### १.५ अध्ययनको सीमाङ्कन(**Limitation of the Study**)

यस शीर्षकअन्तर्गत शोधकर्ताले आफ्नो शोधकार्यको सीमाङ्कन गरेर बुदागत रूपमा उल्लेख गर्नुपर्दछ । अध्ययनको सीमाङ्कनअन्तर्गत आफूले शोधकार्य बारेको विषयवस्तुमा के-के कुराहरू मात्र समावेश गर्न सकिएको छ ? के-के कुराहरू समावेश गर्न सकिएको छैन ? विषयवस्तुको गहिराइ अथवा व्यापकता, समय, ठाउ“ तथा शोधकर्ताले आफ्नो कमजोरीबारे खुलस्तगरी प्रस्टरूपमा उल्लेख गर्नुपर्दछ । सन्दर्भ सामग्री पनि आफ्नो विषयलाई ठिक्क मिल्नेगरी उपलब्ध नभएको रहेछ भने यसै शीर्षकअन्तर्गत लेखिन्छ, तथ्याङ्क सङ्कलन गर्दाखेरि व्यक्ति, उत्तरदाता वा कार्यालयबाट सहयोग नभएको रहेछ भने पनि यस शीर्षकअन्तर्गत खुलाउन मिल्दछ ।

### १.६ अध्ययनको सङ्गठन(**Organization of the Study**)

यस शीर्षकअन्तर्गत अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान प्रतिवेदललाई कति अध्यायमा विभाजन गरेको छ ? कुन अध्यायअन्तर्गत कुनकुन शीर्षकहरू समावेश गरिएको छ ? हरेक अध्यायअन्तर्गत कुनकुन उपशीर्षकहरू समावेश गरिएको छ ? आदि जस्ता कुराहरू स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ ।

## अध्याय : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

अनुसन्धान प्रतिवेदनको दोस्रो अध्यायमा सम्बन्धित साहित्यको पुनरावलोकन भन्ने शीर्षक राखिन्छ । यस अध्यायअन्तर्गत शोधकर्ताले समान विषयवस्तुमा विगतमा गरिएका अध्ययन अनुसन्धान प्रतिवेदनलाई र समान विषयमा लेखिएका सामग्रीहरूको अध्ययन गरी त्यसलाई व्यवस्थित गरेर लेख्नुपर्दछ । सम्बन्धित साहित्यको पुनरावलोकन गर्दा सारतत्व पहिचान गरी लेख्नुपर्दछ । धेरै व्याख्या गर्नुपर्दैन । समान विषयमा विगतमा गरिएका अनुसन्धान प्रतिवेदनहरूबाट लेख्नु छ भने निम्नलिखित ढा“चामा लेख्नुपर्दछः-

उक्त अध्ययन कसले गरेको हो ? कहिले गरेको हो ? कुन शीर्षकमा गरेको हो ? कुन क्षेत्रको ? कति जनसङ्ख्यालाई नमुनाको रूपमा लिएर गरिएको हो ? आदि जस्ता प्रश्नहरूको उत्तर आउनुका साथै उक्त अध्ययनका उद्देश्यहरू र निष्कर्षहरूसमेत उल्लेख गरी लेख्नुपर्दछ ।

उक्त विषयवस्तुमा गरिएको विगतको अनुसन्धान प्रतिवेदनबाहेक अन्य समान विषयमा लेखिएका सामग्रीहरूबाट लेख्दा निम्नलिखित ढा“चामा लेख्नुपर्दछ :-

कुन व्यक्तिले ? कहिले ? कुन शीर्षकमा ? कुन ग्रन्थ, पुस्तक अथवा पत्र पत्रिकामा ? अनुसन्धान गरेको विषयवस्तुसग मिल्दोजुल्दो हुनेगरी के-के कुरा उल्लेख गरेको छ त्यसको सारतत्व पहिचान गरी मुख्य-मुख्य कुरा उल्लेख गर्नुपर्दछ । यसरी लेख्दा कुनै पुस्तकबाट लेख्नुपरेमा उक्त पुस्तकको लेखकको नामका अतिरिक्त प्रकाशनको नाम र उक्त पुस्तकमा सम्बन्धित लेखको पेज नं. समेत खुलाउनु उपयुक्त मानिन्छ । सम्बन्धित साहित्यको पुनरावलोकनअन्तर्गत समान विषयवस्तुमा गरिएका अनुसन्धान प्रतिवेदन र समान विषयवस्तुमा लेखिएका लेखरचना तथा सामग्रीहरू जति बढी सङ्कलन गरेर लेखन गर्न सकियो अनुसन्धानत्मक कार्य र प्रतिवेदन त्यति बढी स्तरीय हुन्छ तर कमसेकम तीनवटा साहित्यक पुनरावलोकन अनिवार्यरूपमा राख्नु उपयुक्त हुन्छ ।

## अध्याय : तीन

## अध्ययन विधि(Methodology of Study)

अनुसन्धान प्रतिवेदनको तेस्रो अध्यायमा सामान्यतया अध्ययन विधि अथवा अनुसन्धान विधि नामक शीर्षक समावेश गरिन्छ। यसअन्तर्गत अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान अथवा शोधकार्य गर्ने क्रममा प्रयोग गरिएका विधिहरू अथवा शोधकार्य गर्दा अबलम्बन गरिएका क्रियाकलापहरू समावेश गर्नुपर्दछ। यस अध्यायअन्तर्गत सामान्यतया अध्ययन क्षेत्रको छनोट, नमुना जनसङ्ख्या अथवा उत्तरदाताको छनोट, नमुना छनोट प्रक्रिया, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने प्रविधि आदि जस्ता उपशीर्षकहरू समावेश गरिन्छ, जसको बारेमा निम्नानुसार वर्णन गरिएको छ :-

### ३.१ अध्ययन क्षेत्रको छनोट(**Selection of Study Area**)

यस शीर्षक अनुसन्धानकर्ताले आफ्नो शोधकार्यका लागि छनोट गरेको क्षेत्र, त्यसका सामान्य परिचय र अनुसन्धानकर्ताले आफ्नो शोधकार्यका लागि त्यही क्षेत्र छनोट गर्नुका कारणहरू स्पष्ट रूपमा खुलाएर उल्लेख गर्नुपर्दछ।

### ३.२ नमुना जनसङ्ख्या उत्तरदाताको छनोट
**Selection of Sample Population and Respondents**

यस शीर्षकअन्तर्गत अनुसन्धानकर्ताले आफूले गरेको शोधकार्यमा कति जनसङ्ख्यालाई नमुनाको रूपमा समावेश गरेको छ। सो कुरा स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ। यसका अतिरिक्त अनुसन्धानकर्ताले आफ्नो शोधकार्यका लागि कस्तो विशेषता भएको समूहलाई उत्तरदाताको रूपमा छनोट गरेको छ ? र किन उक्त विशेषता भएको समूहलाई उत्तरदताको रूपमा छनोट गरेको हो। सो कुरा समेत स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ।

### ३.३नमुना छनोट प्रक्रिया(**Sampling Procedure**)

यस शीर्षकअन्तर्गत अनुसन्धानकर्ताले आफ्नो शोधकार्यका लागि अध्ययन क्षेत्रका सम्पूर्ण घरपरिवारलाई तथ्याङ्क सङ्कलनमा समावेश गरेका छ वा केही परिवारलाई मात्र नमुना रूपमा छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ। यदि अध्ययन क्षेत्रका सम्पूर्ण घरपरिवारलाई समावेश गरेर तथ्याङ्क सङ्कलन गरिएको छ भने जनगणना विधि (Census Method)प्रयोग गरिएको कुरा उल्लेख गर्नुपर्दछ भने अध्ययन क्षेत्रका केही घरपरिवारलाई मात्र छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ भने कुन नमुना छनोट विधि प्रयोग गरी कसरी नमुना जनसङ्ख्या र घरपरिवार छनोट गरिएको छ ? सो कुराहरूको बारेमा स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ। नमुना छनोट प्रक्रियाका विभिन्न विधिहरू हुन्छन्। तीमध्ये आफ्नो शोधकार्यका लागि नमुना जनसङ्ख्या र घरपरिवार छनोट गर्दा कुन विधि प्रयोग गरिएको छ सो कुरा स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ। सामान्यतया आफ्नो शोधकार्यलाई बढी स्तरीय बनाउन सम्भाव्यता नुमना छनोट प्रक्रियाअन्तर्गतका विभिन्न विधिहरूमध्ये कुनै विधि अपनाउनु उपयुक्त मानिन्छ भने अध्ययनको प्रकृतिअनुरूप कहिलेकाहीस्वैच्छिक नमुना छनोट विधिअन्तर्गतका विभिन्न तरिकाहरू पनि प्रयोगमा ल्याउन सकिन्छ।

### ३.४ तथ्याङ्कको स्रोत (**Sources of Data**)

अनुसन्धानकर्ताले आफ्नो शोधकार्यका लागि आवश्यक पर्ने तथ्याङ्कहरू मुख्यतया निम्नलिखित २ स्रोतहरूबाट प्राप्त गर्न सक्दछ। (१) प्राथमिक स्रोत (२) गौण स्रोत।

अनुसन्धानकर्ताले सम्बन्धित विषयवस्तुका बारेमा शोधकार्य गर्ने क्रममा आवश्यक परेका तथ्याङ्कहरू प्रत्यक्ष रूपमा उत्तरदाताहरूबाट नै सङ्कलन गरेको रहेछ भने त्यस्ता तथ्याङ्कहरू प्राथमिक स्रोतअन्तर्गत पर्दछन् भने शोधकार्यका लागि आवश्यक परेका तथ्याङ्कहरू कुनै अन्य व्यक्ति, संघसंस्थाले सङ्कलन गरिसकेका र प्रकाशित वा अप्रकाशितरूपमा रहेका डकुमेन्टबाट सङ्कलन गर्दछ भने त्यस्ता तथ्याङ्कहरूलाई द्वितीय अथवा गौण स्रोत भनिन्छ।

अनुसन्धानकर्ताले यस शीर्षकअन्तर्गत तथ्याङ्कहरू प्राथमिक स्रोतबाट अथवा गौण स्रोत कुनबाट सङ्कलन तथा प्रयोग गरिएको छ ? सो कुरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ। सामान्यतया शोधकार्यका लागि प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ भने बढी स्तरीय हुन्छ।

### ३.५ तथ्याङ्क सङ्कलन गर्ने तरिका (Method of Data Collection)

अध्ययनको प्रकृतिअनुसार तथ्याङ्कहरू विभिन्न तरिकाहरूद्वारा सङ्कलन गर्न सकिन्छ। उत्तरदातालाई प्रत्यक्ष रूपमा भेटेर उनीहरूलाई प्रश्नावलीको माध्यमद्वारा मौखिक रूपमा प्रश्नहरू सोध्ने उनीहरूले दिएको उत्तरलाई टिपोट गरेर उत्तरदाताहरूलाई प्रश्नावली उपलब्ध गराएर उनीहरूलाई भर्न लगाएर, सम्बन्धित ठाउ“को अवलोकन भ्रमण गरेर, अन्तर्वार्ता लिएर, सामूहिक अन्तर्क्रियामा सहभागी गराएर उनीहरूबाट व्यक्त विचारलाई टिपोट गरेर, सन्दर्भ सामग्रीको अध्ययन गरेर त्यसबाट प्राप्त तथ्याङ्कहरू टिपोट गरेर आदि। कुनै विषयवस्तुका बारेमा बढी सत्यतथ्य जानकारी प्राप्त गर्न सम्बन्धित क्षेत्रमा नै गएर प्रत्यक्षरूपमा सम्बन्धित उत्तरदाताहरूबाट नै तथ्याङ्क सङ्कलन गर्नु बढी उपयुक्त मानिन्छ। यस शीर्षकअन्तर्गत शोधकर्ताले तथ्याङ्क सङ्कलन गर्ने तरिका स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ।

### ३.६ तथ्याङ्क सङ्कलनको साधन (Tools of Data Collection)

यस शीर्षकअन्तर्गत अनुसन्धानधकर्ताले आफ्नो शोधकार्यका लागि आवश्यक परेका तथ्याङ्कहरू सङ्कलन गर्न कुनकुन साधनहरू प्रयोग गरेका छ सो कुरा स्पष्ट रूपमा प्रयोग गर्न सकिन्छ। तथ्याङ्क सङ्कलनका लागि अध्ययनको प्रकृति अनुरूप प्रश्नावली, अन्तर्वार्ता, सामूहिक अन्तर्क्रिया, अवलोकन तथा निरीक्षण, सन्दर्भसामग्री आदि साधनहरू प्रयोगमा ल्याउन सकिन्छ यी विभिन्न साधनहरूमध्ये अनुसन्धानकर्ताले आफ्नो शोधकार्यमा तथ्याङ्क सङ्कलनका लागि कुन साधन प्रयोग गरेका छ ? उक्त साधन किन प्रयोग गरिएको हो ? सो कुरा उल्लेख गर्नुपर्दछ। सामान्यतया जनसङ्ख्या शिक्षामा शोधकार्यमा धेरैजसो प्रश्नावलीकै बढी मात्रामा प्रयोग गरिन्छ।

### ३.७ तथ्याङ्क विश्लेषण गर्ने विधिहरू(Techniques of Analysis)

तथ्याङ्कहरू विश्लेषण अथवा व्याख्या गर्न विषयवस्तुको प्रकृति हेरेर वर्णनात्मक अथवा गुणात्मक तथा सङ्ख्यात्मक अथवा तथ्याङ्कीयमध्ये कुनै एक अथवा दुवै विधि प्रयोग गर्न सकिन्छ। यदि तथ्याङ्कीय अथवा सख्यात्मक विधि प्रयोग गर्ने हो भने विभिन्न तथ्याङ्कीय मापकहरू प्रयोग गरेर (जस्तै- अनुपात, प्रतिशत, मध्यिका, औसत, सहसम्बन्ध आदि) विश्लेषण गर्नुपर्दछ। आवश्यकताअनुसार चित्रात्मक प्रस्तुतीकरण समेत गर्नुपर्ने हुन्छ। यस शीर्षकअन्तर्गत शोधकार्य प्रतिवेदनमा तथ्याङ्क विश्लेषण गर्न प्रयोग गरिएका विधिहरू अथवा तरिकाहरू र प्रयोग गरिएका तथ्याङ्कीय मापकहरू र तथ्याङ्कीय चित्रात्मक प्रस्तुतीकरणको उल्लेख गर्नु बेश हुनेछ।

## अध्याय : चार

## तथ्याङ्कको प्रस्तुतीकरण तथा व्याख्या

## Presentation and Interpretation of Data

यो शोधकार्य प्रतिवेदनको प्रमुख अध्याय मानिन्छ। आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिसकेपछि सङ्कलित तथ्याङ्कको विश्लेषण गरी त्यसको आधारमा पत्ता लागेको कुरालाई यस अध्यायमा उल्लेख गरिन्छ। अध्ययनका उद्देश्यलाई आधार बनाएर तथ्याङ्कको विश्लेषण गरी त्यहीअनुरूप तालिकाहरू निर्माण गरी तालिकामा तथ्याङ्कहरूलाई व्यवस्थित गरिएको हुन्छ। तालिकामा व्यवस्थित गरिएका ती तथ्याङ्कहरूलाई उपयुक्त शीर्षकअनुसार क्रमबद्धरूपमा यस अध्यायमा उल्लेख गरी तालिकाहरूमा व्यवस्थित गरिएका तथ्याङ्कहरूको व्याख्या गर्ने र सर्वसाधारण पाठकवर्गलाई सजिलैसग बुझ्न सकिने गरी आवश्यकताअनुसार उपयुक्त तथ्याङ्कीय चित्रको माध्यमद्वारा प्रस्तुतीकरण गरेर उल्लेख गर्नुपर्दछ। यसका अतिरिक्त विभिन्न तथ्याङ्कीय मापकहरू प्रयोग गरी

dependent र Independent variables को बिचमा सह-सम्बन्ध देखाउने आदि जस्ता कुराहरू यसै अध्यायमा गरिन्छ ।

**अध्याय : पाच**

**सारांश, निष्कर्ष र सुझावहरू**

**Summary, Conclusions and Recomendations**

यो अन्तिम अध्याय हो । यस अध्यायलाई सारांश, निष्कर्ष र सुझावहरू गरी तीनवटा फरक फरक उपशीर्षकहरूमा विभाजन गरी लेख्नुपर्दछ । सारांशलाई परिच्छेदकमा लेखिन्छ, जसमा अनुसन्धानको विषयवस्तु र अनुसनधान गर्ने क्रममा अवलम्बन गरिएका तरिकाहरूलाई संक्षेपमा उल्लेख गर्नुपर्दछ भने निष्कर्षमा अनुसन्धानबाट पत्ता लागेको कुरालाई बुदागतरूपमा उल्लेख गर्नुपर्दछ त्यस्तै सुझावहरूमा अनुसन्धानकर्ताले पत्ता लागेको कुरालाई आधार बनाएर शोधकर्ताले दिने सुझावहरूलाई बुदागत रूपमा उल्लेख गर्नुपर्दछ । एउटा ध्यान दिनुपर्ने कुरा के छ भने यस अघिका अध्यायहरूमा विश्लेषणमा नपरेका कुराहरूलाई यो अध्यायमा उल्लेख गर्नु हुदैन ।

**सन्दर्भग्रन्थ सूची (References)**

यसलाई छुट्टै अध्यायको नाम दिइएको हुदैन तर अन्तिम अध्यायको लगत्तै पछि अनिवार्यरूपमा सन्दर्भ ग्रन्थसूची नामक शीर्षक राखिन्छ । यसमा शोधकार्यको सिलसिलामा शोधकर्ताले अध्ययन गरेका पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पत्र पत्रिका, मुखपत्र, लेख रचना तथा प्रयोगमा आएका अन्य सामग्रीहरूलाई लेखकको थरको आधारमा वर्णानुक्रम मिलाएर लेख्नुपर्छ ।

**परिशिष्टाङ्क (Appendix)**

अनुसन्धान प्रतिवेदनको अन्तमा परिशिष्टाङ्क नामक शीर्षक समावेश गरिन्छ, जसअन्तर्गत प्रश्नावलीको नमुना, तथ्याङ्क सङ्कलन गरिएको अध्ययन क्षेत्रको सिफरिस पत्र, फोटाहरू, नक्साहरू आदि समावेश गरिन्छ ।